## विदुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## लिलाम शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०।१०।१०

यस कार्यालयमा रहेका जिन्सि खातामा आम्दानी बाधिएका पुराना सामानहरु, फलामका सामान(**-ग्रिल, गेट, वार, र फलामका डण्डीहरु)**, झयाल ढोका र खापाको चौकोस, काठहरु शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ विक्री गर्नु पर्ने भएकोले ईच्छुक ब्यक्ति, संस्था वा फर्मबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । न्यूनतम कबोल अंक रु १०५१७०।००( अक्षरुपी एकलाख पाच हजार एकसय सतरी मात्र) । (भ्याट बाहेक)

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म कार्यालय समयमा रु १०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरी यसै कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्नका लागि फर्म वा संस्थाको सम्बन्धमा चालु आ.ब.को लागि नविकरण भएको व्यवसाय दर्ता ईजाजत पत्र, प्यान दर्ता प्रमाणपत्र र आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा फाराम साथ नेपाल बैंक लिमिटेड, त्रिशुली शाखामा रहेको विदुर नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं. ०२६०३००००००३००००००००४ मा आफुले कबोल गरेको रकमको १०% ले हुने रकम जम्मा गरेको सक्कल भौचर वा सो बराबरको बैंक जमानत पेश गर्नुपर्नेछ ।

४) यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन मध्यान्ह १२ बजे भित्र विदुर नगर कार्यपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ ।दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट तोकिएको समयभित्र हुनेछ ।

६) आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

७) बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फारममा सही छाप गरेको हुनु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरिनेछ ।

८) लिलाम विक्री हुने पुरानो सरसामानहरु हेर्न चाहेमा कार्यालय खुलेको समयमा विदुर नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखामा सम्पर्क गरि हेर्न सकिनेछ ।

९) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र रकम जम्मा गरि सामान उठाई लैजानु पर्नेछ ।

१०) यसमा उल्लेखित भएका बाहेक अन्य कुरा आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम हुनेछ ।

११) सामानहरु जुन अवस्थामा छन् सोही अवस्थामा उठाउनु पर्नेछ ।